नेपाल सरकार

गृह मन्त्रालय

श्री सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हे.क्वा. भैरहवा, रुपन्देही ।

आर्थिक प्रशासन शाखा

## पुराना जिन्सी सामानहरुको लिलाम विक्रि सम्वन्धी सिलवन्दी बोलपत्र आहवानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/२९ गते)

श्री सशस्त्र प्रहरी बल नेपाल नं.२७ गण हे.क्वा.रुपन्देही अवस्थित रहेका तपसिल बमोजिमका बिभिन्न पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन सोहि अवस्थामा लिलाम बिक्रि गर्नु पर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित सर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | विवरण | परिमाण | दर मु.अ.कर बाहेक | न्युनतम जम्मा मुल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पुराना जिन्सी सामानहरु | | | ५३७२६/- | | |
| जम्मा रकम रु. | | | | ५३७२६/- | | |

बोलपत्र फाराम कोष तथा लेखा नियन्त्रक कार्यालय भैरहवा, रुपन्देही सशस्त्र प्रहरी बल नेपाल नं.२७ गण हे.क्वा.रुपन्देहीबाट प्रथम पटक सुचना प्रकाशित भएको मितिले ७ औ दिन (मिति २०८०/१०/०७ गतेको) कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम ८ औ दिन (मिति २०८०/१०/०८ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल नेपाल नं.२७ गण हेक्वा.रुपन्देहीमा दर्ता गराई सक्नु पर्ने छ । दाखिला भएका बोलपत्र फारामहरु सोहि दिनको १४:०० बजे यस कार्यालयमा खोलिने छ । बोलपत्र फाराम बिक्रि दाखिला र खोलिने दिन कारणबस सर्वजनिक बिदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरिने छ । बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको दश (१०) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल नेपाल नं.२७ गणको कार्यालय कोड नं. ३१४०५४८०२ को कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको कृषि बिकास बैंक शाखा कार्यालय भैरहवाको धरौटी खाता नं. ०४१४३०१०१४२५३०२७ मा नगदै दाखिला गरी सोको सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारन्टी) बोलपत्र साथ पेश गर्नु पर्ने छ । स्विकृती बोलपत्र दाताले बोलपत्र स्विकृतीको जानकारी पाएको ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह) प्रतिशत समेत थप गरि जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु उठाई लैजानु पर्ने छ । बोलपत्र दाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोल पत्र जमानत वापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानुन बमोजिम कारवाही गर्ने छ । उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं. ०७१५०६२७७/९८५१२७२१४४ मा सम्पर्क राखि आवश्यक जानकारी लिन सकिनेछ । यस सम्वन्धि सुचना सशस्त्र प्रहरी बल नेपालको Web Site - www.apf.gov.np मा समेत राखिएको छ